आज मिति २०७९ जेष्ठ २५ गते बुधवारका दिन दिउसो २:०० बजे यस फतुवा विजयपुर नगरकार्यपालिका कार्यालयमा नगर प्रमुख श्री गोपाल राय यादब ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको बैठकमा देहाय बमेजिमका पदाधिकारीहरु को उपस्थिती भयौ ।

देहाय

१. श्री गोपाल राय यादब - नगर प्रमुख

२.श्री अमवेया खातुन - नगर उप-प्रमुख

३.श्री विजय कुमार यादव - वडा नं १ वडा अध्यक्ष

४.श्री अनुरुद्ध प्रसाद यादव- वडा नं. २ वडा अध्यक्ष

५.श्री रामेश्वर प्रसाद यादव - वडा नं. ३ वडा अध्यक्ष

६.श्री सतिस कुमार यादव - वडा नं. ४ वडा अध्यक्ष

७.श्री शेख ऐजाज अहमद - वडा नं. ५ वडा अध्यक्ष

८.श्री रामएकवाल राय यादव - वडा नं. ६ वडा अध्यक्ष

९.श्री रामविश्वास राय यादव - वडा नं. ७ वडा अध्यक्ष

१०.श्री नितेश कुमार चौधरी - वडा नं. ८ वडा अध्यक्ष

११.श्री राकेश यादव - वडा नं. ९ वडा अध्यक्ष

१२.श्री संजय कुमार चौधरी - वडा नं. १० वडा अध्यक्ष

१३.श्री ज्ञानेन्द्र चौधरी - वडा नं. ११ वडा अध्यक्ष

१४.श्री पार्वती देवी - कार्यपालिका सदस्य

१५. श्री मंगली कुमारी कालिकोटे - कार्यपालिका सदस्य

१६.श्री सिर्कीलिया देवी बिनिन- कार्यपालिका सदस्य

१७. श्री भदिया देवी माझी

१८.श्री महापती देवी- कार्यपालिका सदस्य

१९.श्री उमाशकर साह कलवार- कार्यपालिका सदस्य

१२.श्री कामेश्वर प्रसाद कुम्हार- कार्यपालिका सदस्य

२१.श्री जयराम साह कानु - कार्यपालिका सदस्य

२२.श्री शम्भु कुमार यादब- प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित

१.श्री उपेन्द्र प्रसाद साह

२.हंशराज कुमार यादब

प्रस्तावहरु

१ नगर स्तरीय अस्पताल २४ घण्टा संचालन गर्ने बारे ।

२ नगर शिक्षा समिति गठन बारे ।

३ शिक्षकहरुलाई सरुवा गर्ने बारे ।

४ कार्यालय सहयोगी सम्बन्धमा ।

५ नगरपालिका कार्यालयको प्रशासकीय भवन को लागी जग्गा खरिद सम्बन्धमा ।

६ नगर अस्पताल भवन को लागी जग्गा खरिद सम्बन्धमा ।

७ नगर स्वास्थ्य समिति गठन गर्ने बारे ।

८ शिक्षा नियमावली बनाउने सम्बन्धमा ।

९ अस्पतालमा (LAB ) संचालन गर्ने तथा LAB सामग्री मेसिन खरिद गर्ने बारे ।

१० सम्पूर्ण वडाको सार्वजनिक पोखरी मठ मन्दिर बजार नगर अन्तर्गत व्यवस्थापन गर्ने ।

११ Covid-19 महामारी बाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धमा ।

१२ स्वास्थ्य कर्मचारीहरुलाई सरुवा गर्ने सम्बन्धमा ।

निर्णयहरु :-

प्रस्ताव नं. १ माथि छलफल गर्दा फतुवा विजयपुर नगरपालिका अन्तर्गतमा नगर स्तरीय अस्पताल २४ घण्टा संचालन गर्न आवश्यक कर्मचारी राखी संचालन गर्ने निर्णय पारित गर्यौं ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत नगर शिक्षा समिति शिक्षा ऐन नियम बमोजिम गठन गर्ने सर्व सहमति बाट निर्णय पारित गर्यौं ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका सबै सामुदायिक विधालयहरुमा कार्यरत शिक्षिक/शिक्षिकाहरु मध्धे विधालयमा पठन पाठन कार्यमा बाधा अवरोध गर्ने र राम्रो संग नपढाउने र विधालयमा पटक पटक अनुपस्थित रहने शिक्षकहरुलाई नगरपालिका अन्तर्गतका विधालयहरुमा सरुवा गर्न सर्व सहमति बाट निर्णय पारित गर्यौं ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत करार सेवामा रहेका कार्यालय सहयोगीहरुलाई काम काजमा खटाउदा अटेरी गरी राम्रो संग काम नगर्ने र खटाएको ठाउमा नजाने र कार्यालय समयमा नआउने कार्यालय सहयोगीको करार सेवा म्याद थप नगर्ने र निजलाई हटाउने सर्व सहमति बाटनिर्णय पारित गर्यौं ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागी कम्तिमा क्षेत्रफल १५ कठा जग्गा खरिद गर्न नगर सभामाबाट स्वीकृत गराउने सर्व सहमति बाट निर्णय पारित गर्यौं

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस फतुवा विजयपुर नगरपालिकाको लागी नगर स्तरीय अस्पताल भवन निर्माण गर्न कम्तिमा १६ कठा जग्गा खरिद गर्ने सर्व समिति बाट निर्णय पारित गरयौ ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत स्वास्थ्य ऐन नियम बमोजिम नगर स्वास्थ्य समिति गठन गर्ने सर्व सहमति बाट निर्णय पारित गर्यौं ।

प्रस्ताव न. ८ माथि छलफल गर्दा यस नगरपालिकाको लागी  शिक्षा ऐन नियमावली बमोजिम नगर शिक्षा समिति गठन गर्ने सर्व सहमति बाट निर्णय पारित गर्यौं ।

प्रस्ताव न. ९ माथि छलफल गर्दा यस नगरपालिकाको लागी नगर स्तरीय अस्पतालमा lab सामग्री मेसिन खरिद गरी lab संचालन गर्ने  सर्व सहमति बाट निर्णय पारित गर्यौं ।

प्रस्ताव न. १० माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतको सार्वजनिक पोखरी,मठ,मन्दिर,बजार समेतलाई संरक्षण सम्बर्धन र नगरपालिका अन्तर्गतमा राख्ने सर्व सहमति बाट निर्णय पारित गर्यौं ।

प्रस्ताव न. ११ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतमा covid-19 महामारी बाट प्रभावित प्रति विपन्न परिवारलाई नगद हस्तानतरण कार्यविधि २०७८ बमोजिम हुने गरी अधिकतम [illegible]हीलाई रु.१००००|- (दस हजार ) का दरले नगद हस्तानतरण गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्य सञ्चालन गर्न प्रत्यक वडामा १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी covid-19 महामारी बाट प्रभावित व्यक्तिलाई नियमानुसार दरखास्त दर्ता गराउन जानकारी गराउने सर्वसहमति बाट सर्व सहमति बाट निर्णय पारित गर्यौं ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी धेरै दिन देखि एकै स्थानमा कार्यरत रही काम काज गर्दै आई रहेकोमा जन गुनासो भएकोले स्वास्थ्य कर्मचारीलाई नगरपालिका अन्तर्गत सरुवा गर्न सर्वसहमति बाट सर्व सहमति बाट निर्णय पारित गर्यौं ।